



50th Anniversary 1970-2020
JOCV
In Nepal






# नेपालमा जाइका स्वयंसेवक कार्यक्रम

JICA
Japan International Cooperation Agency

# परिचय

## जाइका स्वंयसेवक कार्यक्रम के हो ?

जाइका स्वंयमसेवक कार्यक्रम जापानको प्राविधिक सहयोग आयोजनाहरूमध्ये एक हो । यो सरकारी विकास सहायता (ओ.डि.ए.) को रूपमा संचालित छ । जाइका स्वंयसेवक कार्यक्रमले विकासोन्मुख देशहरूमा स्थानीय अवस्थासंग मेल खाने विभिन्न गतिविधिहरूमा भाग लिन सीप, ज्ञान र अनुभव भएका इच्छुक उत्साही जापानीहरूलाई पठाउँछ ।

जाइका स्वंयसेवक कार्यक्रमले स्वंयसेवकहरू आफू गएका देशका जनतामाझ बस्ने र त्यहाँ बसोबास गर्नेहरूको दृष्टिकोणबाट विकासका आवश्यकताहरू पत्ता लगाउन सक्षम पार्दै आधारभूत तहमा आफ्ना गतिविधिहरू अगाडि बढाउने अपेक्षा गर्दछ । जाइका स्वंयसेवकहरूले सम्बन्धित देशको सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउन र उनीहरूको क्षमता, सीप, ज्ञान र अनुभवहरूको प्रभावकारी उपयोग गर्न आधारभूत तहका मानिसहरूसंग काम गर्छन् । यो जाइका स्वयसेवक कार्यक्रमको सुरूवातदेखि कै मुख्य अंश हो । नेपालमा जाइका स्वंयसेवक कार्यक्रम ५० वर्ष पुगेको छ । यो कार्यक्रम स्वंयसेवकहरूको, स्थानीय अधिकारीहरूको, स्वंयसेवकसंग काम गर्ने नेपाली जनताहरूको तथा जाइका स्वंयसेवक कार्यक्रमलाई समर्थन गर्ने जापानी जनताहरूको प्रयासबाट सम्भव भएको हो ।

जाइका स्वंयसेवकहरू सामान्यतया दुई वर्षको लागि शिक्षा र स्वास्थ्य, नर्सिङ्ग, कृषि र ग्रामीण विकास, स्थानीय सरकार र सामुदायिक सशक्तिकरण, यातायात, पूर्वाधार, सहरी वातावरण, निजी क्षेत्रको विकास, सामाजिक सक्रियता, खेलकूद आदि विभिन्न क्षेत्रहरूमा काम गर्न पठाइन्छ ।

## जाइका स्वयंसेवक कार्यक्रमका उद्देश्यहरू:

* विकासोन्मुख देश र क्षेत्रहरुको सामाजिक आर्थिक विकास र पुनर्निमाणमा योगदान पुऱ्याउने
* विकासोन्मुख देशहरु, क्षेत्रहरु र जापान बीच मित्रता र पारस्परिक समझदारीलाई बलियो बनाउने
* जापानी समाजलाई स्वयंसेवक क्रियाकलापका अनुभव बाँड्ने

## जाइका स्वयंसेवकहरुको किसिम:

### - जापान ओभरसीज कोअपरेशन स्वयंसेवक (JOCVs)

जापान ओभरसीज कोअपरेशन स्वयंसेवकहरु (JOCVs) स्थानीय समुदाय र सरोकारवालाहरुसंग दुई वर्षसम्म उनीहरू माझ बसेर सेवा गर्न पठाइन्छ । यस आयोजनाको उद्देश्य जापानी स्वयंसेवकहरुको विविध ज्ञान र काम प्रतिको लगाव उपयोग गरी सामाजिक तथा आर्थिक विकासमा सहयोग गर्नुका साथै आपसी समझदारीलाई प्रवर्द्धन गर्नु र नेपाल र जापानबीचको मित्रतालाई आधारभूत तहमा सुदृढ बनाउनु रहेको छ ।

### - वरिष्ठ स्वयंसेवक (SVs)

जापानी वरिष्ठ स्वयंसेवकहरु (SVs) उच्च स्वंयसेवी भावनाबाट उत्प्रेरित भएका हुन्छन् । तिनीहरु आफ्नै दक्षता र अनुभवहरु (सामान्यतया १५ वर्ष भन्दा बढी) द्वारा समर्थित व्यावहारिक ज्ञान र प्राविधिक सीपहरु प्राप्त गरेका हुन्छन् । वरिष्ठ स्वंयसेवकहरूलाई उच्च प्राविधिक ज्ञान चाहिने विविध कार्यमा अनुबन्धन गरिन्छ । यस आयोजनाको उद्देश्य जापानी नागरिकहरुसंग संक्षित दक्षता र अनुभवलाई विकासोन्मुख देशहरुको विकासका लागि विभिन्न क्षेत्रमा उपयोग गर्नु हो ।



पानीको पाइपको चुहावट जाँच गर्दै, श्री चिस्यो शिमिजु

# नेपालमा जाइका स्वंयसेवकहरुको संक्षिप्त इतिहास

जाइका स्वंयसेवकहरुको पहिलो समूह सेप्टेम्बर १९७० मा नेपाल पठाइएको थियो । नेपालमा जाइका स्वंयसेवक कार्यक्रमका क्षेत्रहरु कृषि, वन र माछा पालन, मर्मतसंभार, वातावरण शिक्षा, सामुदायिक विकास, युवा गतिविधि, सिभिल इन्जिनियरिङ्ग, सरसफाइ, स्वास्थ्य, शिक्षा, संस्कृति योजना र प्रशासन लगायतका विभिन्न क्षेत्रहरू तथा उप-क्षेत्रहरूसंग सम्बद्ध छन् ।



महिला समूहलाई प्रस्तुति दिँदै, **सुश्री आकारी योशिदा**

जुन २०२१ सम्ममा नेपालमा जम्मा १,४३६ जना जाइका स्वंयसेवकहरुले काम गरेका छन् । जापान अन्तर्राष्ट्रिय सहयोग निकाय (जाइका) को यो कार्यक्रमले व्यापक रुपमा मान्यता प्राप्त गरेको छ । स्वंयसेवकहरुले गरेका क्रियाकलापले नेपालमा उच्च प्रशंसा मात्र कमाएको छैन, जापानमा पनि बढी प्रशंसा पाएको छ । नेपालमा विगत पाँच दशकदेखिको जाइका स्वयंसेवक कार्यक्रम "सिक्दै गर्दै जाने" सूत्र अनुसार राष्ट्र निर्माण प्रयासका लागि आधारभूत तहमा जनग्राह्य अनुभव बाँड्न समर्पित छ ।

जापानमा हासिल गरेको सीप र अनुभवको सदुपयोग गर्न इच्छुक जाइका स्वंयसेवकहरुलाई प्रत्येक वर्ष नेपाल पठाइन्छ । उनीहरुले विभिन्न क्षेत्रहरुमा आफ्ना विशेषताका आधारमा विभिन्न क्षेत्रमा काम गरी नेपाली जनताको जीवनस्तर सुधार्न मद्दत गर्छन् ।

# जाइका स्वंयसेवकलाई नेपालमा किन स्वीकृत गरिन्छ ?

जाइका स्वंयसेवकहरुले पचास वर्षभन्दा बढी निरन्तरता दिइरहेका कारणहरु यसप्रकार छन्ः

१. जाइका स्वंयसेवकहरुले नेपाली भाषा बोल्न सक्छन् तसर्थ, उनीहरुले तोकिएको ठाउँमा गएपछि तुरुन्तै काम गर्न सक्छन् ।
२. जाइका स्वंयसेवकहरुले उनीहरुको सामाजिक तथा सांस्कृतिक ज्ञानको कारण स्थानीयहरुसँग राम्रोसँग घुलमिल हुन सक्छन् ।
३. जाइका स्वंयसेवकहरु मेहनती र समयनिष्ठ हुन्छन् ।
४. जाइका स्वंयसेवकहरु आफ्नो विशेष क्षेत्रमा प्राविधिक रुपमा सक्षम छन् ।
५. जाइका स्वंयसेवकहरुले विभिन्न संस्थाहरुलाई उनीहरुको गतिविधिहरु मार्फत स्थानीय समुदायसँग जोड्न मद्दत गर्छन् जसले सामाजिक सम्बन्धलाई बलियो बनाउँछ ।



Abacus प्रयोग गरेर कसरी गणना गर्ने भनेर सिकाउँदै, **सुश्री युको सेकितो**

# विभिन्न क्षेत्रहरूमा स्वयंसेवकहरूको योगदान

## जिविकोपार्जन सहजकर्ताको रुपमा

### कृषि र ग्रामीण विकास

* प्रशासनिक प्रणाली सुधार गर्न
* ग्रामीण क्षेत्रमा गरिबी घटाउन मद्दत गर्न
* स्थिर खाद्य उत्पादन मार्फत जीवन स्तर बढाउन
* कृषि सहकारी संघको लागि सहयोग प्रदान गर्न

करिब ६५ प्रतिशत जनता कृषिमा संलग्न भएको मुलुकमा गरिबी घटाउन र ग्रामीण क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याउन यस क्षेत्रको विकास अपरिहार्य छ । जाइका ले कृषि र ग्रामीण विकास क्षेत्रमा स्वंयसेवकहरु पठाएको लामो इतिहास छ । सन् १९७० मा नेपालको चितवन जिल्लाको राप्ती कृषि प्रयोगशालामा जाइका स्वयंसेवकको पहिलो समूहका तीन जना सदस्यलाई पठाइएको थियो । त्यसयता सयौं स्वयंसेवकहरुले कृषि गतिविधि, सहकारी संघ, संस्थाहरुमा आफ्ना प्राविधिक सहयोग उपलब्ध गराउन कडा मेहनत गरेका छन् । जाइका स्वंयसेवक कार्यक्रमको कृषि तथा ग्रामीण विकासको भविष्यको लक्ष्य नगदे बाली, पशुपंक्षी तथा अन्य उत्पादनहरु खाद्य उत्पादनलाई स्थिर गरी खाद्य सुरक्षा सुनिश्चितता अभिवृद्धि गर्नु र मानव संसाधनको विकास र सशक्तिकरणबाट प्रशासनिक र किसान संगठनहरूलाई सुदृढ गर्नु हो । यस क्षेत्रमा जाइका स्वंयसेवकहरुको केही योगदानहरुमा सुरुङ (टनेल) खेती प्रणाली मार्फत् वेमौसमी तरकारीहरु, नियमित खाद्य वस्तुहरु जस्तै तोफु, मिसो, सोया, ट्राउट माछा, जुनार (मीठो सुन्तला), च्याउ, हलुवावेद, नासपाती, आदि हुन् । जाइका स्वंयसेवकहरुले यसरी किसानहरुको क्षमता विकासलाई दिगो बनाउन ध्यान केन्द्रित गरेर जिविकोपार्जनलाई सहज बनाउँदैछन् ।



किसानहरुलाई तरकारी खेती गर्ने तरिका सिकाउँदै, **सुश्री हितोमी हिजुमे**



कृषकहरुलाई धान उब्जाउने तरिका सिकाउँदै, **सुश्री हितोमी हिजुमे**

# परिवर्तकको रुपमा

## स्थानीय सरकार र सामुदायिक सशक्तिकरण (लैङ्गिक/सामाजिक समावेश)

* लैङ्गिक र सामाजिक समावेश परिप्रेक्ष्यबाट समुदाय र ग्रामीण नागरिकहरुलाई सशक्तिकरण गर्न
* सामाजिक रुपमा कमजोर र बहिष्कृत व्यक्तिहरु (विपन्न महिला, आन्तरिक रुपमा विस्थापित मानिसहरु, सडक मानिसहरू, सडक बालबालिका आदि) लाई सहयोग गर्न

'स्थानीय सरकार तथा सामुदायिक सशक्तिकरण कार्यक्रम' अन्तर्गत पठाइएका जाइका स्वंयसेवकहरुले हाल सामाजिक रुपमा सीमान्तकृत व्यक्ति र समुदायका लागि सहयोग गरिरहेका छन् । जाइका स्वंयसेवकहरुलाई महिला, अपाङ्गता भएका व्यक्तिहरु र सामाजिक रुपमा कमजोर व्यक्तिहरुको आवश्यकता र समस्याहरुलाई सम्बोधन गरेर केन्द्रीय मन्त्रालय र नीति निर्माण तहमा उनीहरुको पीडा र आधारभूत विकास प्रतिबिम्बित गर्न नियुक्त गरिएको छ । यस कार्यक्रमको उद्देश्य जाइका स्वंयसेवकहरुले सामाजिक रुपमा कमजोर व्यक्तिहरुको क्षमतालाई सुदृढ पार्दै उनीहरुलाई वाञ्छित सहयोग प्रदान गरेर लैङ्गिक मूलप्रवाह र सामाजिक समावेशीकरण माध्यमबाट ग्रामीण समुदायको विकास गरी स्थानीय जनतालाई सशक्तिकरण गर्छन् र सामुदायिक लोकतान्त्रिकरण गर्न योगदान पुऱ्याउँछन् । यस कार्यक्रममा खटाइएका जाइका स्वंयसेवकहरुको गतिविधिहरु मार्फत आधारभूत तहका आवश्यकताहरु बुझ्ने, उनीहरूको संलग्नताबाट पूरा गराउने र उनीहरूको जीवनमा फलदायी परिवर्तन ल्याउने साझा लक्ष्य छ। केही विशिष्ट उदाहरणहरूमा महिला सीप विकास परियोजना (WSDP) मा नयाँ प्राविधिक ज्ञानको परिचय, महिला सहकारीमा सामाजिक गतिविधिहरुलाई सुदृढ गर्ने जस्ता गतिविधिहरु हुन् । यसरी जाइका स्वंयसेवकहरुले पिछडिएका मानिसहरुको सशक्तिकरणको लागि परिवर्तन प्रतिनिधिको रुपमा काम गर्छन् र सामाजिक विकृति र आर्थिक असमानता हटाउन योगदान दिन्छन् ।


बोसिया खेल खेलाउँदै, सुश्री आकिको आसामी


अकुपेसनल थेरापी मार्फत बिरामीलाई उठ्न मद्दत गर्दै, सुश्री आयाका नाकाजावा

# आर्थिक वृद्धिको उत्प्रेरकहरुको रुपमा

## यातायात र पूर्वाधार/शहरी वातावरण

* हवाई ट्राफिक नियन्त्रण व्यवस्थापन र अन्तर्राष्ट्रिय विमानस्थल यात्रु सेवा सुधार गर्न
* काठमाडौं उपत्यकामा ट्राफिक नियमहरु पालना गर्न मद्दत गर्न
* फोहोर व्यवस्थापनका लागि जनचेतना जगाउन
* विपद् रोकथाममा जनचेतना जगाउन
* वैकल्पिक ऊर्जा विकास र सौर्य ऊर्जाको प्रयोगलाई सम्वर्द्धन गर्न

आर्थिक अवसर विस्तार गर्न यातायात र व्यापारिक वातावरण लगायतका पूर्वाधारको विकास गर्न आवश्यक छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एयर ट्राफिक कन्ट्रोल रेडियो मर्मतसम्भार र विमानस्थलको यात्रु सेवा सुधार गर्न र काठमाडौं उपत्यकामा ट्राफिक व्यवस्थापन र सडक सुरक्षाका लागि यसअघि जाइका स्वंयसेवकहरु पठाइएको थियो । निजी क्षेत्रको विकासले आर्थिक वृद्धिलाई अगाडि बढाउन अर्को महत्वपूर्ण चुनौती खडा गरेको छ । स्थानीय उद्योगको सक्रियता मार्फत रोजगारी सिर्जना गर्न जाइकाले साना तथा मझौला उद्यम (एस.एम.ई) विकास, नीति तथा नियम, भन्सार र वित्तीय क्षेत्र लगायतका व्यावसायिक वातावरणमा सुधार गर्न सहयोग गर्छ । जाइका स्वंयसेवकहरु आई. टी. प्रशिक्षक, कम्प्युटर टेक्नोलोजी, टेक्सटाइल डिजाइन, आदि जस्ता व्यावसायिक तालिमहरुमा संलग्न छन् । जाइका स्वंयसेवकहरुले यसरी पूर्वाधार र संस्थागत विकासमा मद्दत गरेर दिगो आर्थिक वृद्धिलाई बढावा दिइरहेका छन् ।



ट्राफिक व्यवस्थापनमा सहयोग गर्दै, सुश्री आयुमी ओहाशी


खानेपानीको पाइपको चुहावट जाँच गर्दै, श्री तोमोहिरो मिनामी

तीव्र गतिमा विकास हुँदै गइरहेको अव्यवस्थित सहरी क्षेत्र र प्राकृतिक प्रकोपबाट हुने वातावरणीय क्षतिले नेपालको पूर्वाधारको विकासमा बाधा पुऱ्याइरहेको छ । जाइका स्वंयसेवकहरुले वातावरणीय चेतना फैलाएर, मानव संसाधनको विकास गरी, ट्राफिक शिक्षालाई प्रोत्साहन गरेर यी शहरी वातावरणीय समस्याहरु विरूद्धको लडाइमा योगदान दिइरहेका छन् । जाइका स्वंयसेवकहरुद्वारा संचालित वातावरणीय शिक्षाको लक्ष्य यी कार्यक्रमहरुलाई प्राविधिक सहयोग प्रदान गर्नुका साथै फोहोर नियन्त्रण कार्यक्रमहरु लागू गर्न मद्दत गर्नु हो । उनीहरुले भूकम्प, बाढी र पहिरो जस्ता प्रकोपबाट हुने जोखिम र क्षतिलाई न्यूनीकरण गर्ने र विश्वव्यापी जलवायु परिवर्तनसँग समायोजन गर्ने क्षमता अभिवृद्धिलगायत विपद् रोकथामका उपायहरु अवलम्बन गर्ने कुरामा पनि ध्यान दिनेछन् । नेपालमा जाइका स्वंयसेवकहरुले सुरक्षित र स्वच्छ देश बनाउन समाजलाई सक्रिय बनाउदै आधारभूत तहमा आफ्नो अर्थपूर्ण भूमिका खेलिरहेका छन् ।



जाइका स्वंयसेवकद्वारा आयोजित स्वच्छ शहर सम्मेलनका सहभागीहरु, श्री आचुसी ताकाहाशी, श्री युसुके खावाजिरी, सुश्री चिजुरु माचुउरा, सुश्री फुमिए तानाका

## निजी क्षेत्रको विकास

* स्थानीय रुपमा उपलब्ध उत्पादनहरुको उपयुक्त छनोटमा केन्द्रित अभियानहरु प्रवर्द्धन गर्न
* स्थानीय समुदायभित्र आत्मनिर्भरता र रचनात्मकता अभिवृद्धि गर्न
* बजारीकरण र प्रवर्द्धनको लागी नेटवर्क विकास गर्न


सङ्कलन केन्द्रमा बजारीकरणको सुझाव दिँदै, श्री हिदेताका इशिखावा

निजी क्षेत्रको विकासलाई जाइकाको नयाँ सहायता रणनीतिमा नवप्रवेशीको रुपमा समावेश गरिएको छ, किनकि यसले आर्थिक वृद्धिलाई अगाडि बढाउन धेरै महत्वपूर्ण भूमिका खेल्दछ । विशेष गरी यसले साना तथा मझौला उद्योगहरुमा स्थानीय उद्यमहरुको विकासको लागि व्यावसायिक वातावरण सुधारका साथै प्रत्यक्ष स्वदेशी लगानीको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। आज जाइका स्वंयसेवकहरु नेपाली निजी क्षेत्रको छाता संगठनको रूपमा रहेको नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) अर्न्तगत रही एक गाउँ एक उत्पादन (OVOP) को प्रवर्द्धन, स्थानीय स्तरमा कृषि पर्यटन प्रवर्द्धन तथा जिल्लास्तरमा साना तथा मझौला उधोगको उत्पादनको व्यापार प्रवर्द्धनमा संलग्न छन् ।

# सपना बुनाउनेहरुको रुपमा

## शिक्षा र स्वास्थ्य

* शिक्षाको गुणस्तर सुधार गर्न
* बालबालिकाको सिक्ने रहरलाई बढावा दिन
* शिक्षण प्रविधि/सामग्री/प्रशिक्षण विकास गर्न र सहायता प्रदान गर्न सहयोग गर्न
* चिकित्सा र नर्सिङ्ग सेवाहरु बृद्धि गर्न
* अधिकारीहरुलाई तालिम दिने र स्थानीय तहमा प्राथमिक स्वास्थ्य सेवा प्रणालीलाई बलियो बनाउने
* प्रादेशिक, जिल्ला र गाविस स्तरहरुमा मातृशिशु स्वास्थ्य सेवा सुधार गर्न


विद्यार्थीहरुलाई स्वास्थ्य शिक्षा सिकाउदै, सुश्री नानाए इशिजावा

सन् १९८० देखि नेपालमा शिक्षा क्षेत्रमा एकसय भन्दा बढी (JOCV) पठाइएको छ । ती मध्ये अधिकांशलाई माध्यमिक तहमा विज्ञान र गणित शिक्षकका रूपमा पठाइएको थियो । तथापि, २००४ देखि, नेपाल सरकारको सबैका लागि शिक्षा (EFA) कार्यक्रमलाई समर्थन गर्न प्राथमिक शिक्षा वा प्रारम्भिक बाल्यकालको विकासमा ध्यान केन्द्रित भएको छ । जाइका स्वयंसेवकहरुले शिक्षा क्षेत्रमा नेपालभर काम गरेका छन् र युवा विद्यार्थीहरुको सपना र आशाहरु पालना गर्न मद्दत गरेका छन् । यी विद्यार्थीहरु फलस्वरुप सफल शिक्षकहरु, उद्यमीहरु र व्यवसायीहरू भएका छन् ।


विद्यार्थीहरुलाई आईसीटी शिक्षा सिकाउदै, सुश्री आकिको यामामोतो

सन् १९७१ मा पहिलो जाइका नर्स स्वयंसेवकलाई काठमाडौंको कालीमाटी क्षयरोग अस्पतालमा पठाइएको थियो । त्यसयता स्वास्थ्य र चिकित्सा क्षेत्रसँग सम्बन्धित झन्डै २०० जाइका स्वयंसेवकहरुले उनको पाइला पछ्याएका छन्। तिनीहरुको मुख्य ध्येय प्रमुख अस्पतालहरुको सेवा बढाउने, शहरी प्राथमिक स्वास्थ्य सेवालाई सुदृढ गर्ने, स्थानीय स्वास्थ्य सेवा सुधार गर्ने र संक्रामक रोगहरु विरुद्ध उपायहरु अपनाउने हो । अबको लक्ष्य चाँहि जाइका स्वयंसेवकहरुलाई गरिब र समाजिक रूपमा बहिष्कृत मानिसहरुलाई उच्च गुणस्तरको स्वास्थ्य सेवा र सुविधाहरू प्रदान गर्न ग्रामीण क्षेत्रमा पठाउने रहेको छ ।

# सांस्कृतिक सन्देशवाहकहरुको रुपमा
## सामाजिक सक्रियता

* आधारभूत तहमा मानिसहरु बीचको अन्तरक्रिया मार्फत सांस्कृतिक आदानप्रदान गर्ने
* नेपाली युवाहरुको सकारात्मक सामाजिक गतिविधिहरुप्रति आकर्षण बढाउने
* अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन गर्ने
* सबैका लागि खेलकूदको लक्ष्य बनाएर प्रशिक्षकका लागि तालिम र अपाङ्गता भएका व्यक्तिहरु (PWDs) का लागि खेलकुदको संस्कृति प्रवर्द्धन गर्ने

जाइका स्वंयसेवकहरुले नेपालका आकांक्षी युवाहरुसँग जापानी संस्कृति र खेलकूद साझेदारी गरेर सन्देशवाहकको रुपमा काम गर्छन्। फलस्वरुप उनीहरुमध्ये धेरै नेपाली खेलकूदका प्रतिनिधि बनेका छन् । यो सहयोग कार्य जाइका स्वंयसेवी कार्यक्रमको लागि विशिष्ट छ र यसले नेपाली युवाहरुको प्रभावशाली विचारलाई सकारात्मक सामाजिक गतिविधिहरुमा समेटेर नेपालको समाजलाई सक्रिय गर्न योगदान पुऱ्याएको छ । यस क्षेत्रमा कार्यरत जाइका स्वंयसेवकहरुले राष्ट्रिय टोलीका लागि भलिबल प्रशिक्षक, जापानी भाषा, सांस्कृतिक आदानप्रदानलगायत खेलकूद जस्ता क्षेत्रमा ध्यान केन्द्रित गरेका छन् । यस क्षेत्रमा जाइका स्वंयसेवकहरुको उल्लेखनीय योगदान भनेको जुडो र कराते नेपालमा परिचय गराउनु हो । जाइका स्वंयसेवले नेपाल प्रहरी बललाई आत्मरक्षाको तालिम प्रदान गरे । सन् २०१६ मा भएको दक्षिण एसियाली महासंघ खेलकूदको नतिजाले खेलकूद क्षेत्रमा जाइका स्वयंसेवकहरुको योगदानलाई झल्काउँछ । जुडोमा खेलाडीहरुलाई पदक प्रदान गरिएको थियो । त्यसैगरी, खेलकूदमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गर्नु पनि सामाजिक सक्रियताको महत्वपूर्ण भाग हो ।



बोसिया खेलको प्रविधि सिकाउदै,
सुश्री आकिको आसामी

# नेपालमा जाइका स्वयंसेवकहरुको ५० वर्ष

नेपालको शताब्दी पुरानो नजिकको मित्र र भरपर्दो विकास साझेदार भएकोले जापानले जापान सरकार र जाइका मार्फत विभिन्न किसिमको सहयोग गर्दै आएको छ । जापान ओभरसीज कोअपरेसन भोलन्टियर्स (JOCVs) कार्यक्रम जाइकाको नागरिक कार्यक्रम मध्ये एक हो जुन १९६५ मा जापानको विदेश मामिला मन्त्रालयले विकासोन्मुख राष्ट्रहरुलाई आधिकारिक प्राविधिक सहायता कार्यक्रम प्रदान गर्ने उद्देश्यले स्थापना गरेको थियो। जेओसीभी कार्यक्रम नेपालमा ०२ फेबुअरी, १९७० मा एघारौं आयोजक राष्ट्रको रुपमा सुरु भएको थियो ।

त्यसयता जाइकास्वंयसेवकहरु आयोजक देशहरुको अनुरोधमा प्राथमिक क्षेत्र तथा अरु विभिन्न क्षेत्रहरुमा जस्तै कृषि, पशुधन विकास, विज्ञान गणित शिक्षक, शारीरिक शिक्षा, पाठ्यक्रम विकास, सार्वजनिक स्वास्थ्य, नर्स, स्वास्थ्य सेवा सुधार गर्ने प्रणाली, नर्सिङ शिक्षा, भोलिका लागि खेलकूद, महिला सशक्तिकरण, सामुदायिक विकास, वन, मत्स्यपालन, व्यावसायिक शिक्षा, अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता र शिक्षा (PWDs) र यस्तै अन्य क्षेत्रहरुमा पठाइएको छ ।

नेपाल र जापानबीचको उत्कृष्ट सहकार्यका केही उदाहरण जसले नेपाली जनताको सामाजिक-आर्थिक दैनिक जीवनमा प्रभाव पारेको छ र नेपालमा सरल, प्रभावकारी र दिगो सीप र प्रविधिको परिचय दिएका छन् तोमियासु मुला (ककनी), जुनार (सिन्धुली, रामेछाप), हलुवाबेद (कीर्तिपुर), रेन्बो ट्राउट (त्रिशुली, च्याउका प्रजातिहरु (कन्या, बटन र शिताके), गाईवस्तुका लागि कृत्रिम गर्भाधान (ए.आई) प्रविधिको परिचय र रेबीज भ्याक्सिन उत्पादन, जुडो, कराते, केन्दो र बोसिया खेलको परिचय आदि केही उल्लेखनीय उदाहरण हुन् । यसबाहेक धेरै जानकारी पुस्तिकाहरु, क्याटलगहरु र महत्वपूर्ण क्षेत्रहरुमा प्रकाशित पर्चाहरु छन् जुन दुबै पक्षहरुले क्षेत्रगत दृष्टिकोणहरु बुझनको लागि एक उपकरणको रुपमा व्यापक रुपमा प्रयोग गरेका छन्।

जाइका स्वयंसेवकहरुले विगत पाँच दशकदेखि राष्ट्र निर्माण प्रयासका लागि सरल, प्रभावकारी र दिगो प्रविधि, सीप, ज्ञान जस्ता स्रोतहरुमा योगदान गर्दै आएका छन्। आगामी दिनहरुमा हाम्रो साझेदारी कार्यक्रमको दायरा नवीन, प्रभावकारी र दिगो ढाँचाका साथ अझ फराकिलो हुने आशा राख्दछौं ।

# नेपालमा स्वंयसेवक गतिविधिहरु

## सुश्री फुमिका हिनो (वातावरण शिक्षा)

सुश्री फुमिका हिनोलाई जुलाई २०१६ देखि जुलाई २०१८ सम्म काठमाडौं महानगरपालिका कार्यालयमा वातावरण शिक्षा स्वंयसेविकाको रुपमा काम गर्न खटाइएको थियो । उनको मुख्य काम विद्यालय क्षेत्रको सरसफाइमा केन्द्रित रहेको थियो । आफ्नो कार्यकालमा, उनले धेरै विद्यालय क्षेत्रको स्वच्छता र सरसफाइको मापदण्डलाई तारा चिन्ह दिएर स्तर मूल्याङ्कन गरिन् । उनले यी क्षेत्रमा उत्कृष्ट हुने विद्यालयलाई पुरस्कृत समेत गरिन् जसका कारण धेरै विद्यालयहरू आफ्नो विद्यालय सफा राख्न उत्प्रेरित भएका छन् ।

उनको कामलाई उच्च मान्यता प्राप्त भएको थियो र यसैले काठमाडौं महानगरपालिकाको मेयरद्वारा पत्र सहित सम्मान गरिएको थियो। त्यसबेलादेखि, मेयरको अनुरोधमा उनको यो प्रविधि धेरै विद्यालयहरुले अनुसरण गरेका छन् ।



काठमाडौं महानगरपालिकाका मेयरबाट प्रशंसा पत्र ग्रहण गर्दै जाइका स्वंयसेविका **सुश्री फुमिका हिनो**

## श्री कोजी हारादा (माटो तथा मल)



स्थानीय किसानलाई कृषि विकासको ज्ञान दिँदै, **श्री कोजी हारादा**

श्री कोजी हारादालाई तत्कालीन जिल्ला कृषि विकास कार्यालय र अहिले कृषि ज्ञान केन्द्र काभ्रेमा जुन २०१६ देखि जुन २०१८ सम्म माटो तथा मल स्वंयसेवकको रुपमा काम गर्न खटाइएको थियो। उहाँसँग जापानमा कृषि क्षेत्रमा काम गरेको ११ वर्षको अनुभव छ ।

उनले काभ्रे जिल्लाका कृषकहरूलाई जापानी कृषि प्रविधिको बारेमा जानकारी गराउँदै विभिन्न तालिम दिएका थिए । पछि उनले तरकारी खेतीको उत्पादकत्व बढाउन विभिन्न विधि प्रयोग गरी व्यावसायिक किसानसँग मिलेर अनुसन्धान कार्य पनि गरे ।

उनले गोलभेडा खेतीमा आफ्नो अनुसन्धानलाई विशेष जोड दिए । उनले विषादीको प्रयोग र स्थानीय उत्पादन प्रयोग गरेर स्थानीय मल 'बोकाशी' बनाउने उपायबारे पुस्तिका पनि प्रकाशित गरेका छन् । उनी जिल्लामा मुख्यतया किसान समूहमा निकै लोकप्रिय थिए । केही व्यवसायी किसानहरु अझै पनि श्री हारादाले सिकाएको प्रविधिलाई पछ्याइरहेका छन् ।

# श्री तोमोहिरो मिनामी (पानी आपूर्ति इन्जिनियर)



पानीको पाइप कसरी जडान गर्ने भन्ने बारे सिकाउदै,
**श्री तोमोहिरो मिनामी**

श्री तोमोहिरो मिनामीलाई पानी आपूर्ति र सरसफाई डिभिजन कार्यालय (WSSDO) तानसेनमा जनवरी २०१८ देखि जनवरी २०२० सम्म खानेपानी ईन्जिनियरको रुपमा काम गर्न खटाइएको थियो । उनले सिभिल इन्जिनियरिङ विभाग, नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, खागोशिमा विश्वविद्यालय जापानबाट स्नातक गरेका छन् ।

पाल्पा नेपालको एक ऐतिहासिक शहर हो । तर, यस शहरमा खानेपानीको अभाव थियो । यो अभावलाई समाधान गर्नको लागि WSSDO ले जाइका मार्फत स्वंयसेवकको सहयोगको लागि अनुरोध गर्‍यो । त्यसैले पाल्पाको ग्रामीण र शहरी खानेपानी प्रणालीको डिजाइन, गुणस्तर नियन्त्रण र खानेपानीको गुणस्तर सुनिश्चित गर्न मिनामीलाई नियुक्त गरिएको थियो ।

श्री मिनामीले WSSDO का आफ्ना समकक्षीको सहयोगमा तानसेनमा खानेपानी वितरणको नक्सा पनि डिजाइन गरेका थिए । पाल्पामा पानीको माग र आपूर्ति निर्धारण गर्न वितरण नक्सा निकै प्रभावकारी सावित भएको छ ।

यसका साथै उनले जापानी प्रविधि प्रयोग गरेर पानीको चुहावट पत्ता लगाउन सक्ने उपकरण पनि बनाएका थिए जुन क्षेत्रमा पानी बचत गर्न उल्लेखनीय उपलब्धि थियो। WSSDO का अधिकारीहरु र अन्य सरोकारवालाहरु श्री मिनामीको योगदानबाट धेरै प्रभावित भए र पछि उहाँको प्रविधिलाई अन्य जिल्लाहरुमा पनि अनुसरण गरिएको छ ।

---

# सुश्री माकिको सातो (सामुदायिक विकास)

सुश्री माकिको सातोलाई जुलाई २०१७ देखि जुलाई २०१९ सम्म सामुदायिक विकास स्वंयसेविकाको रुपमा काम गर्न जिल्ला समन्वय समिति सिन्धुलीमा खटाइएको थियो । उनको कार्यक्षेत्रमा सौगात ललीपप उद्योगका लागि काम गर्ने सिन्धुली क्षेत्रका महिलाहरूको सशक्तिकरण समावेश थियो ।

सिन्धुलीमा रहेको सौगात ललीपप उद्योग लामो समयदेखि ललीपप बनाउने काममा संलग्न भएको र यस क्षेत्रमा ललीपपले आम्दानीको स्रोतको रूपमा उच्च लोकप्रियता कमाएको छ । सुश्री सातोले यो लोकप्रियतालाई थप पूँजीकरण गरी काठमाडौंमा उत्पादनको बजारीकरण गर्नका साथै अन्य जाइका स्वंसेवकहरुको पनि सहयोग लिइन् ।

ललीपपको बजारीकरणले उद्योगलाई राम्रो आम्दानी गर्न मद्दत गर्‍यो र परिणामस्वरूप सबै सदस्यहरु र जिल्लाका लागि सबै सफल (विन-विन) हुने अवस्था सिर्जना भयो । सहकारीमा संलग्न धेरै महिलाहरु सफलतापूर्वक आत्मनिर्भर भएका छन् जसले उद्योगलाई उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत हुन मद्दत गरेको छ ।



ललीपप (दूध मिठाई) बनाउने प्रक्रिया सिकाउँदै,
**सुश्री माकिको सातो**

## सुश्री आया इवासा (कम्प्यूटर प्रशिक्षक)

सुश्री आया इवासाले श्री जनबाल माध्यमिक विद्यालय, मार्फा, मुस्ताङमा २०१८ जनवरी देखि जनवरी २०२० सम्म कम्प्यूटर प्रशिक्षकको रुपमा काम गरिन् । सुश्री इवासाले विद्यार्थी र शिक्षकहरुलाई कम्प्युटर शिक्षाको आधारभूत तहदेखि नै कम्प्यूटर कसरी प्रयोग गर्ने भनेर सिकाइन् । नेपाल सरकारले निम्न माध्यमिक तहदेखि नै आईसीटी शिक्षाको महत्वलाई जोड दिँदै आएकोले उनको मार्गदर्शनले कम्प्युटर शिक्षा तथा आईसीटी शिक्षामा विद्यार्थी र शिक्षकहरू लाभान्वित भएका छन् । यसबाहेक, उनले विद्यालयमा हार्डवेयर र कम्प्युटरको मर्मतसम्भारमा पनि सहयोग गरिन्। उनले आफ्नो ज्ञान स्थानीय कम्प्युटर शिक्षकहरुलाई हस्तान्तरण गर्न प्राथमिकता दिइन् । सुश्री इवासाको गतिविधिबाट विद्यालय र स्थानीय समुदाय खुसी छन् ।


विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा सिकाउँदै, **सुश्री आया इवासा**

## श्री तोशिहिरो मिचुमारु (गोल किपर प्रशिक्षक)


गोलरक्षकहरुको लागि व्यावहारिक कार्यशाला आयोजना गर्दै, **श्री तोशिहिरो मिचुमारु**

श्री तोशिहिरो मिचुमारुलाई अखिल नेपाल फुटबल संघ (एन्फा), काठमाडौंमा जुलाई २०१८ देखि जुलाई २०२० सम्म गोलकिपर प्रशिक्षकको रुपमा खटाइएको थियो। श्री मिचुमारुले गोलकिपरहरुका लागि कार्यशाला आयोजना गरेका थिए। विशेष गरी, उनले राष्ट्रिय स्तरका टोलीका गोलकिपरहरुलाई जापानी प्रविधि सहितको प्रशिक्षण दिए। दक्षिण एसियाली खेलकूद र विश्वकप छनोट खेलमा राम्रो नतिजा ल्याउने जस्ता नेपाली राष्ट्रिय फुटबल टोलीमा उनको निरन्तर प्रयास झल्कियो । उनको गतिविधिबाट एन्फा सन्तुष्ट छ । तर, उनी कोभिड-१९ को महामारीका कारण मार्च २०२० को अन्त्यमा जापान फर्किनुपरेको थियो ।

# सुश्री आकिको आसामी (बोसिया प्रशिक्षक)



बोसिया खेलको अम्पायर गर्दै जाइका स्वयंसेविका, **सुश्री आकिको आसामी**

सुश्री आकिको आसामीलाई जुलाई २०१७ देखि मार्च २०१९ सम्म अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता र शिक्षामा बोसिया प्रशिक्षकको रुपमा काम गर्न राष्ट्रिय खेलकूद परिषद् नेपाल, नेपाल बोसिया संघ, काठमाडौंमा खटाइएको थियो । सुश्री आसामीको अपाङ्गता क्षेत्रमा कुशल काम गरेको अनुभवले बोसिया खेलको प्रचार मा प्रभावकारी योगदान पुऱ्याएको थियो । उनले काठमाडौं उपत्यकाका तीन जिल्लाका विभिन्न विद्यालय र संस्थामा बोसिया खेलको ज्ञानको प्रचार र प्रसार गर्न सक्रिय रुपमा काम गरिन् । उनको गतिविधिपछि, धेरै विद्यालय, संस्था र अन्य मानिसहरुले बोसिया खेलबारे थाहा पाए । यसबाहेक, उनले बोसिया खेलका बलहरु बनाउने आफ्नो ज्ञान पनि प्रदान गरिन् ।

# श्री ताइकी खातो (शारीरिक शिक्षा)

श्री ताइकी खातोलाई राष्ट्रिय खेलकूद परिषद् नेपाल, राष्ट्रिय जिम्न्यास्टिक महासंघ नेपाल, काठमाण्डौमा जुलाई २०१७ देखि जुलाई २०१९ सम्म शारीरिक शिक्षाको क्षेत्रमा जिम्न्यास्टिक प्रशिक्षकको रुपमा काम गर्न खटाइएको थियो । उनले काठमाण्डौ र ललितपुरका विभिन्न विद्यालयहरूमा जिम्न्याष्टिकको महत्ववारे परिचय गराए । उनले विद्यालयका बालबालिका, महिला र समुदायका ज्येष्ठ व्यक्तिहरुलाई जिम्न्यास्टिकका धेरै सरल र प्रभावकारी प्रविधिहरु सिकाए । उनको गतिविधिबाट विद्यालय र समुदायका मानिसहरू खुसी भएका छन् । केही समुदायले आजसम्म जिम्न्यास्टिक नियमित रूपमा गर्दै आएका छन् । उनको गतिविधिले शारीरिक शिक्षा र राम्रो स्वास्थ्य प्रवर्द्धन गर्न मद्दत गर्यो ।



विद्यार्थीहरुलाई जिम्न्यास्टिक सिकाउँदै, **श्री ताइकी खातो**

# स्वयंसेवकहरुको लागि अनुरोध (प्रक्रिया तालिका)

**नेपाल**

**स्थानीय सरकार/प्रदेश सरकार/मन्त्रालय**

- अनुरोध गर्ने संगठनले अनुरोध फारम र पत्र लेखी स्थानीय सरकारलाई पेश गर्ने
- स्थानीय सरकारले प्रदेश सरकारलाई पत्र सहित अनुरोध फारम पठाउने
- प्रदेश सरकारले सम्बन्धित मन्त्रालयलाई पत्र सहित अनुरोध फारम पठाउने
- सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालय (MoF) लाई पत्र सहित अनुरोध फारम पठाउने
- अर्थ मन्त्रालय MoF ले औपचारिक पत्र लेखेर जाइका नेपाल कार्यालयलाई पठाउने र गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारलाई वोधार्थ दिने

* यो प्रक्रिया कार्य क्षेत्र अनुसार फरक हुन सक्छ ।

**क्षेत्र/साझेदार संगठन**

निवेदन

पठाउने

परामर्श

माग

**नेपाली भाषा र संस्कृतिको स्वदेशमा तालिम (१-२ महिना)**

**जाइका नेपाल अफिस**
**जाइका नेपाल अफिससंग छलफल**

पेश गर्ने

**जापान**

**जाइका**
**JOCV को सचिवालय**

**भर्ना**

* वर्षमा दुई पटक (वसन्त, हिउँद)

* छनौट प्रक्रियाः संचार क्षमता/प्रविधिक सीप/अनुभव र ज्ञान/स्वास्थ्य अवस्था सम्बन्धी कागजातहरू, साक्षात्कार र परीक्षणहरूमा आधारित हुन्छन् ।

* छनौट भएका आवेदकहरू संचार क्षमता, राम्रो स्वास्थ्य, सान्दर्मिक सीपहरू अनुभवहरूमा आधारित हुन्छन् ।

प्रस्थान

**पूर्व प्रस्थान प्रशिक्षण**

लगभग ७० दिनको प्रशिक्षण कार्यक्रममा स्वंयसेवा, अन्तर-सांस्कृतिक समझदारी, सहयोग विधि, स्वास्थ्य व्यवस्थापन, सुरक्षाका साथै गहन भाषा प्रशिक्षण जस्ता खटाइएको देशको लागि उपयुक्त प्रशिक्षण समावेश छ ।

**जाइका स्वंयसेवक कार्यक्रम बारे थप विवरणहरुको लागि, कृपया तलको ठेगानामा सम्पर्क गर्नुहोस् ।**

Japan International Cooperation Agency

**जाइका नेपाल अफिस**
नेशनल लाइफ इन्स्योरेन्स भवन तेस्रो तल्ला, लाजिम्पाट, काठमाडौं, नेपाल
पोस्ट बक्स ४५०, टेलिफोनः ९७७-१-४४२५६३६, ४४२५६५८
इमेलः np_oso_rep@jica.go.jp
वेबसाइटः http: http://www.jica.go.jp/nepal/english
facebook.com/jicanepal